आकाशवाणी समाचार

**25-4-26**

मुख्य समाचार

- उपराष्ट्रपतिले मानिसलाई केन्सरदेखी बचाव बारेमा जागरूक गर्नका लागि ठूलो रूपमा जन जागरूकता अभियान चलाउने गर्नुभयो आह्वान ।
- प्रधानमन्त्रीले भोलि बिहान एघाह्र बजी आकाशवाणी मार्फत प्रसारित हुने मन की बात कार्यक्रममा देश तथा विदेशमा रहेका नागरिक सँग आफ्ना विचार साझा गर्नुहुने
- दिल्ली विधानसभाको युवा सम्पर्क पहलअन्तर्गत **महर्षि वाल्मीकि शिक्षा महाविद्यालयका** विद्यार्थीहरूले दिल्ली विधानसभा भ्रमण गरी यसको समृद्ध इतिहासलाई नजिकबाट बुझ्ने पाए अवसर
- केन्द्रीय रेलमन्त्रीले बेंगलुरु स्थित आत्मनिर्भर उच्चगति बुलेट ट्रेन निर्माण संयन्त्र 'आदित्य'को गर्नुभयो उद्घाटन।

**उपराष्ट्रपति - जयपुर**

उपराष्ट्रपति सी. पी. राधाकृष्णनले भन्नुभएकोछ, केन्सरका विरूद्ध लड़ाईमा र यस बीमारी माथी जीत हासिल गर्नका लागि मानसिक मज़बूती धेरै आवश्यक छ । आज जयपुरमा राजस्थान विश्वविद्यालयको पैतिस औं दीक्षान्त समारोहलाई सम्बोधन गर्दै, उहाँले विशेष रूपले युवाहरूसंग केन्सरबाट बाच्नका लागि नशा र तम्बाकू संग टाढा रहन आग्रह गर्नुभयो । उपराष्ट्रपतिले मानिसलाई केन्सरदेखी बचाव बारेमा जागरूक गर्नका लागि ठूलो रूपमा जन जागरूकता अभियान चलाउने आह्वान गर्नुभयो । उहाँले हरेक वर्ष क्यान्सरका बिरामीहरूको संख्या बढ्दै गएको उल्लेख गर्नुभयो। प्रधान मन्त्री **जन आरोग्य योजना** को सन्दर्भमा उहाँले यस पहलअन्तर्गत अब क्यान्सरको सम्पूर्ण उपचार उपलब्ध रहेको बताउनुभयो।

**प्रधानमन्त्री - मन की बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि बिहान एघाह्र बजी आकाशवाणी मार्फत प्रसारित हुने मन की बात कार्यक्रममा देश तथा विदेशमा रहेका नागरिक सँग आफ्ना विचार साझा गर्नुहुनेछ। यो मासिक रेडियो कार्यक्रमको एक सय तेत्तिसऔं संस्करण हो। यो कार्यक्रम सम्पूर्ण आकाशवाणी तथा दूरदर्शन सञ्जाल, A.I.R News वेबसाइट र News on air मोबाइल एप मार्फत प्रसारण गरिनेछ। साथै YouTube मा रहेका AIR News, DD News, PMO तथा सूचना तथा प्रसारण मन्त्रालयका च्यानलमार्फत प्रत्यक्ष प्रसारण पनि गरिनेछ। हिन्दी प्रसारणपछि आकाशवाणीले यस कार्यक्रमलाई क्षेत्रीय भाषाहरूमा पनि प्रसारण गर्नेछ।

**प्रधानमन्त्री–नीति आयोग**

प्रधानमन्त्री नरेन्द्र मोदीले नीति आयोग भारतको नीति निर्माण संरचनाको एक महत्वपूर्ण स्तम्भका रूपमा स्थापित भएको बताउनुभएको छ। उहाँले नीति आयोगले सहकारी **संघीयतालाई** प्रोत्साहन गर्न, सुधारका कार्यक्रमलाई अघि बढाउन तथा जनजीवन सहज बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको उल्लेख गर्नुभयो। सामाजिक सञ्जालमार्फत प्रधानमन्त्रीले नीति आयोग विभिन्न क्षेत्रमा

नवप्रवर्तन र दीर्घकालीन रणनीतिक सोचका लागि एक गतिशील मञ्चका रूपमा कार्यरत रहेको बताउनुभयो।

**झारखण्ड - नारी शक्ति विरोध प्रदर्शन**
झारखण्डको राँचीमा भारतीय जनता पार्टीले नारी शक्ति वन्दन ऐन-को विरोधमा महिला विरोध मार्च तथा जनसभाको आयोजना गरेको छ। कार्यक्रममा ठूलो सङ्ख्यामा महिलाहरूको सहभागिता रहेको थियो। कार्यक्रममा केन्द्रीय मन्त्री **अन्न पूर्ण देवी, रक्षा राज्यमन्त्री सन्जय सेठ, प्रदेश भाजपा अध्यक्ष आदित्य साहु, प्रतिपक्षका नेता बाबुलाल मराण्डी, पूर्व मुख्यमन्त्री रधुबर दास** लगायत अन्य नेताहरू उपस्थित हुनुहुन्थ्यो। जनसभालाई सम्बोधन गर्दै केन्द्रीय मन्त्री अन्नपूर्णा देवीले संसदमा विधेयकको विरोध गरेर विपक्षले महिलाको अधिकारमाथि आघात पुर्‍याएको बताउनुभयो। ।

**पश्चिम बंगाल चुनाव**
पश्चिम बंगालमा दोस्रो चरणको मतदानअघि विभिन्न दलका शीर्ष नेताहरूले आज व्यापक चुनाव प्रचार गरेका छन्। कोन्द्रीय गृह मन्त्री Amit Shah ले पूर्वी बर्दमान र हावडामा सभा तथा रोडशो गर्नुभयो भने केन्द्रीय स्वास्थ्य मन्त्री J. P. Nadda र उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले पनि प्रचारलाई तीव्र बनाउनुभएको छ । तृणमूल कांग्रेस प्रमुख ममता बेनर्जी हुगली सहित विभिन्न क्षेत्रमा प्रचारमा व्यस्त रहनुभएको छ भने पार्टी महासचिव Abhishek Banerjee ले दक्षिण चौबिस परगना र हावडामा रेली गर्नुभएको छ।

**दिल्ली विधानसभा युवा सम्पर्क पहल**
आज दिल्ली विधानसभाको युवा सम्पर्क पहलअन्तर्गत दिल्ली विश्वविद्यालय अन्तर्गत रहेको **महर्षि वाल्मीकि शिक्षा महाविद्यालयका** विद्यार्थीहरूले दिल्ली विधानसभा भ्रमण गरी यसको समृद्ध इतिहासलाई नजिकबाट बुझ्ने अवसर पाए। उनीहरूले विधानसभा पुस्तकालयको पनि अवलोकन गरे, जहाँ ऐतिहासिक अभिलेखहरू तथा शताब्दी यात्रा नामक पुस्तक अध्ययन गरे, जसले विधानसभाको उल्लेखनीय यात्राबारे जानकारी प्रदान गर्दछ। यो पहल विधानसभा अध्यक्ष Vijender Gupta को दृष्टिकोणबाट प्रेरित भएको हो, जसको उद्देश्य युवाहरूलाई लोकतान्त्रिक संस्थासँग जोड्नु तथा नागरिक चेतनालाई अझ सुदृढ बनाउनु हो।

४०. **वैष्णव – बुलेट ट्रेन निर्माण संयन्त्र**
केन्द्रीय रेलमन्त्री अश्विनी वैष्णवले आज बेंगलुरु स्थित बी.ई.एम.एल-को आत्मनिर्भर उच्चगति बुलेट ट्रेन निर्माण संयन्त्र 'आदित्य'को उद्घाटन गर्नुभएको छ। आकाशवाणी र दूरदर्शनसँग कुराकानी गर्दै उहाँले पहिलो **प्रोटो- टाइप** आगामी वर्ष तयार हुने तथा सन् **दुई हजार सताइसको** अन्त्यतिर उत्पादन सुरु हुने जानकारी दिनुभयो। केन्द्रीय मन्त्री वैष्णवले आगामी केही महिनाभित्र **बेङ्गलुरु–मङ्गलुरु–मडगाउँ** वन्दे भारत सेवा सञ्चालनमा आउने घोषणा गर्नुभयो। उहाँले बेङ्गलुरु र मुम्बईबीच चाँडै एक सुपरफास्ट तथा एउटा वन्दे भारत स्लीपर रेल सेवा पनि सुरु गरिने

बताउनुभयो। उहाँले बेंगलुरु उपनगरीय रेल परियोजनाको प्रगतिप्रति खुशी व्यक्त गर्दै जग्गा अधिग्रहणको काम पनि तीव्र गतिमा अघि बढिरहेको बताउनुभयो।

**44 जयपुर- न्यायमूर्ति सूर्यकांत**

सर्वोच्च अदालतका मुख्य न्यायाधीश Surya Kant ले आज न्यायपालिका तथा यससँग सम्बन्धित संस्थाप्रति जनताको गहिरो विश्वास रहेको बताउँदै यस विश्वासलाई अझ सुदृढ बनाइराख्नु सबै सरोकारवालाको सामूहिक जिम्मेवारी भएको बताउनुभएको छ। उहाँले जयपुरस्थित Constitution Club मा "सेवानिवृत्तिपछि न्यायपालिकाको भूमिका" विषयमा संगोष्ठीलाई सम्बोधन गर्दै यस्तो धारणा व्यक्त गर्नुभएको हो। मुख्य न्यायाधीश सूर्यकान्तले पूर्व न्यायाधीशहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गर्दै न्याय प्रणाली सुदृढ बनाउन उहाँहरूको योगदान उल्लेखनीय रहने बताउनुभयो। उहाँले न्यायपालिका तथा यससँग सम्बन्धित राष्ट्रिय र राज्य कानुनी सेवा प्राधिकरण लगायत निकायहरूलाई अझ सक्रियता र जनचेतनामूलक ढंगले काम गर्न आह्वान गर्नुभयो।

**मौसम – भीषण गर्मीसम्बन्धी निर्देशन**

देशका विभिन्न भागमा तापक्रम निरन्तर बढिरहेकाले मौसम विभागले भीषण गर्मीबाट जोगिन आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ। पश्चिमोत्तर, मध्य तथा प्रायद्वीपीय भारतका धेरै क्षेत्रमा अधिकतम तापक्रम चालिस देखि देखि चवालिस डिग्री सेल्सियस सम्म पुगेको छ। पञ्जाब, हरियाणा, Delhi, राजस्थान, उत्तर प्रदेश, मध्य प्रदेश, छत्तीसगढ र विदर्भ क्षेत्रमा आगामी सात दिनसम्म गर्मीको अवस्था कायम रहने मौसम विभागले जनाएको छ।

अनत्यमा मुख्य समाचार फेरि एकपल्ट

- उपराष्ट्रपतिले मानिसलाई केन्सरदेखी बचाव बारेमा जागरूक गर्नका लागि ठूलो रूपमा जन जागरूकता अभियान चलाउने गर्नुभयो आह्वान ।
- प्रधानमन्त्रीले भोलि बिहान एघाह्र बजी आकाशवाणी मार्फत प्रसारित हुने मन की बात कार्यक्रममा देश तथा विदेशमा रहेका नागरिक सँग आफ्ना विचार साझा गर्नुहुने
- दिल्ली विधानसभाको युवा सम्पर्क पहलअन्तर्गत **महर्षि वाल्मीकि शिक्षा महाविद्यालयका** विद्यार्थीहरूले दिल्ली विधानसभा भ्रमण गरी यसको समृद्ध इतिहासलाई नजिकबाट बुझ्ने पाए अवसर
- केन्द्रीय रेलमन्त्रीले बेंगलुरु स्थित आत्मनिर्भर उच्चगति बुलेट ट्रेन निर्माण संयन्त्र 'आदित्य'को गर्नुभयो उद्घाटन।